नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्याः प्र./०८३/८४
च.नः-

मिति २०८३-०६-०९
ने.सं. ११४६

## त्रिभुवन राजपथको सवारी आवागमन व्यवस्थापन सम्बन्धी
## अत्यन्त जरूरी सूचना !!!

२०८३ असोज ८ गतेदेखि परेको अविरल एवं भारी वर्षाका कारण पृथ्वी राजमार्ग तथा कान्ति राजमार्ग अवरुद्ध भई सडकमा अत्याधिक चाप परेकोले मालवाहक तथा यात्रुवाहक सवारी साधनहरूलाई त्रिभुवन राजपथ हुँदै तपसिलमा उल्लिखित समय तालिका बमोजिम सवारी साधन सञ्चालन गराउने व्यवस्था मिलाइएको हुँदा सबै चालक, व्यवसायी तथा यात्रु महानुभावहरूले सोही बमोजिम हुने गरी मात्र यात्रा गर्नुहुन यो सूचना जारी गरिएको छ ।

तपसिलः

**१. त्रिभुवन राजपथ प्रयोग गरी हेटौंडाबाट काठमाडौंतर्फ जाने सवारी साधनका लागि (चौकीटोल बाट)**

- २०८३ असोज ९ गते (शुक्रबार):
  - जाने समयः बिहान १०:०० बजेदेखि दिउँसो २:०० बजेसम्म मात्र।
- २०८३ असोज १० गते (शनिबार):
  - बिहान ०४:०० बजेदेखि बिहान ०८:०० बजेसम्म मात्र ।
  - राति १०:०० बजेदेखि असोज ११ गते बिहान २:०० बजेसम्म मात्र ।

**२. त्रिभुवन राजपथ प्रयोग गरी काठमाडौंबाट हेटौंडातर्फ आउने सवारी साधनका लागि (सिमभञ्याङ चौकीबाट)**

- २०८३ असोज ९ गते (शुक्रबार):
  - साँझ ७:०० बजेदेखि राती ११:०० बजेसम्म मात्र।
- २०८३ असोज १० गते (शनिबार):
  - दिउँसो १:०० बजेदेखि साँझ ५:०० बजेसम्म मात्र ।
- २०८३ असोज ११ गते (आइतबार):
  - बिहान ०७:०० बजेदेखि बिहान ११:०० बजेसम्म मात्र ।

**३. मालवाहक सवारी साधन सम्बन्धी विशेष व्यवस्थाः**

अर्को व्यवस्था नभए सम्मका लागि इन्धन तथा एल.पी. ग्यास बोकेका बाहेक अन्य १० चक्केभन्दा लामा र १५ टन भन्दा बढी भारका मालवाहक सवारी साधनहरूलाई उक्त सडक मार्ग पूर्ण रूपमा निषेध गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**४. यात्रुबाहक सवारी साधनका हकमा ११ मी. लम्बाइ सम्मको सवारी साधनले मात्र उक्त राजपथ प्रयोग गर्न सक्ने व्यहोरा समेत सूचित गरिन्छ ।**

८३/०६/०९
सन्तोष सुवेदी
प्रशासकीय अधिकृत

हेटौंडा, मकवानपुर टेलिफोन नं.:-०५७-५२०४९५फ्याक्स नं.:-०५७-५२३८२२
**Website:-** https://daomakawanpur.moha.gov.np/ **E-mail:-** daomakawanpur@gmail.com
**Facebook Page:-** www.facebook.com/daomakawanpur